## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका तत्कालीन निर्देशक **डा. श्रवण कुमार मिश्र** समेत ९ जना मु.नं (०८१-CR-००८२) फैसला मिति २०८२।११।१३ | गैरकानुनी लाभ हानि पुऱ्याउने बदनियतले कार्य गरी गराई भ्रष्टाचार गरेको समेत। | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसूरमा विगो रु.६,०५,११,५००।- (अक्षेरेपि छ करोड पाँच लाख एघार हजार पाँच सय रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र निज प्रतिवादीद्धयलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय गरि प्रतिवादी मध्येका श्रवण कुमार मिश्रलाई सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादीहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, अधिकृत छैटौं (लेखा अधिकृत) अमरदीप महतो र ल्याब असिस्टेन्ट कर्मशील प्रसाद गोपलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसूरमा विगो रु.६,०५,११,५००।- (अक्षेरेपि छ करोड पाँच लाख एघार हजार पाँच सय रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• प्रतिवादीहरु प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका मेडिकल ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक राम उदगार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसूरमा विगो रु.६,०५,११,५००।- (अक्षेरेपि छ करोड पाँच लाख एघार हजार पाँच सय रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>• सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौं र उक्त | **फैसलाः**<br>प्रतिवादीहरुलाई आशिंक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरु श्रवण कुमार मिश्र र उमेश चौधरी आरोपदावीको बोलपत्र बमोजिम मु.अ.कर सहित जम्मा रु.६,०५,१,५००/- (अक्षेरेपि छ करोड पाँच लाख एघार हजार पाँच सय मात्र) बराबरको उपकरण तथा सामानहरु खरिद सम्झौता भएकोमा स्वीकृत स्पेशिफिकेशन भन्दा फरक पारी मूल्य रु.३,१३,५६,०००/-(अक्षेरेपि तीन करोड तेह्र लाख छपन्न हाजार मात्र) बराबरको उपकरण तथा समानहरु बुझाउने/बुझ्ने तथा सोही बमोजिमको भुक्तानी समेत दिने/लिने कार्यमा मिलेमतो गरी सो हदसम्मको बदनियतपूर्ण कार्यमा संलग्न रहेको देखिएको।<br>• प्रतिवादीहरु सेभेन हिल्स प्रा.लि. र सो प्रा.लि.का संचालक अनिल साह उक्त कसुरमा गैरकानुनी लाभ लिई मतियार भई दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुरमा संलग्न रहेको देखिएको।<br>• अन्य प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उद्गार यादवले आफ्नो पदीय हैसियत बमोजिम निर्देशनात्मक कार्य गरेको र निजहरुको बदनियत पुष्टि हुने ठोस तथा वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिएको। | • प्रस्तुत मुद्दामा आर्थिक वर्ष २०७९।०८० मा मधेस प्रदेश, सामाजिक विकास मन्त्रालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट मधेस प्रदेश स्थित ७२ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाको लागि भएका खरिद सम्झौताहरु मध्ये ठेक्का नं. Re-PPHL2/G/NCB/02/2079-80 मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ को उपदफा (३) खरिद कार्य गर्नु पूर्व गर्न खोजिएको कामको कुनै पूर्व तयारीका कार्य नगरी नगराई खरिद प्रक्रिया गरेको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधिसमेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरी, खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मनमोहन प्रसाद मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पूर्व तयारी बिना खरिद कार्य अगाडि बढाएको देखिन्छ। मधेश प्रदेश सरकारको आ.व. २०७९।०८० को वार्षिक बजेट अनुसार ७२ (बहत्तर) वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र संचालन गर्न रु.३०,००,००,०००।- (अक्षेरेपि तीस करोड मात्र) रकम विनियोजन भएकोमा स्पष्ट आधार, कारण र औचित्यता बिना एउटा शिर्षकलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematology Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents **ठेक्का नं. PPHL2/G/NCB/01/2079-80** बाट र अन्य उपकरण, फर्निचर समेत Colorimeter, Centrifuge, Pippete, Computer, Software, Printer, Table, Chair सोही आ.व. २०७९।०८० मा **ठेक्का नं. Re-PPHL2/G/NCB/02/2079-80** बाट खरिद गरेको देखिन्छ। उक्त ठेक्का नं. Re-PPHL2/G/NCB/02/2079-80 को खरिद कार्यका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको ल्याव अधिकृत कर्मशील प्रसाद गोपले लागत अनुमान रू.६,४१,९३,०४०।- (अक्षेरुपी छ करोड एकचालिस लाख त्रियानब्बे हजार चालिस रुपैंया मात्र) तयार गरी, वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साहले पेश गरी, लेखा अधिकृत अमरदिप महतोले चेकजाँच गरी, वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले प्रमाणित गरी, निर्देशक डा. श्रवण कुमार मिश्रले लागत अनुमान स्वीकृत गरेको देखिन्छ। प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामको माइक्रोबायोलोजिष्टहरू (अधिकृत नवौं) जितेन्द्र कुमार साह र अमरेन्द्र कुमार मिश्र, उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिस्ट दिपेन्द्र कुमार मिश्र तथा ल्याब असिसटेन्ट (चौथो तह) रमेश कुमार मण्डलले अन्य उपकरण, फर्निचर समेत Colorimeter, Centrifuge, Pippete, Computer, Software, Printer, Table, Chair को लागि प्राविधिक स्पेशिफिकेशन तयार गरी निर्देशक डा. श्रवण कुमार मिश्रले स्वीकृत गरेको तथ्य निजहरूको अनुसन्धानका क्रममा व्यक्त गरेको बयान कागज र प्राविधिक स्पेशिफिकेशनबाट देखिन्छ। त्यति मात्र होइन प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले एक आपसमा पारिवारिक र व्यापारिक सम्बन्ध भएका स्वास्थ्य उपकरण व्यवसायीको इजाजत प्राप्त फर्महरुबाट फर्निचर, ए.सि., कम्प्युटर, सफ्टवेयर जस्ता फरक प्रकृतिका सामग्रीहरुको दररेट लिई लागत अनुमान तयार गरेको देखिन्छ जुन सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मालसामान खरिदको नमूना बोलपत्र (Standard Bidding Document) सम्बन्धी कागजातको शर्त विपरीत रहेको देखिन्छ। साथै आपुर्तिकर्ता सेभेन हिल्स प्रा.लि., काठमाडौंले सम्झौताको शर्तहरु विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका, स्पेसिफिकेशन भन्दा फरक र कम मूल्यका गुणस्तरहीन मालसामान आपुर्ति गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगका बायो मेडिकल इन्जिनियर (विज्ञ) ताचल निरौलाले १३६ वटा पालिकाहरुमा स्थापना भएको प्रयोगशालाको स्थलगत नापजाँचगरी पेश गरेको प्रतिवेदनबाट खुल्न आएको देखिन्छ। उक्त ठेक्कामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कम्पनीका सञ्चालक अनिल साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (ङ) र (ञ) बमोजिमको कसुरमा मतियार तर्फ सोही ऐनको दफा २२ बमोजिम बिगो रु.६,०५,११,५००।- (अक्षेरेपि छ करोड पाँच लाख एघार हजार पाँच सय रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय गरी पाउन समेतको मागदाबी लिई आरोपपत्र दायर भएको देखिन्छ।<br>**<u>फैसला</u>**<br>• प्रतिवादी मध्येका डा. श्रवणकुमार मिश्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम १ (एक) वर्ष कैद सजाय हुने र सोही ऐनको दफा २४ बमोजिम थप ६(छ) महिना गरी जम्मा १ वर्ष ६ महिना कैद सजाय हुने। जरिवाना र बिगोको हकमा जम्मा बिगो रु.३,१३,५६,०००/- लाई दामासाही गरी हुन आउने रु.७८,३९,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>• प्रतिवादीहरु उमेश चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम १(एक) वर्ष कैद सजाय हुने र बिगोको हकमा जम्मा बिगो रु.३,१३,५६,०००/- लाई दामासाही गरी हुन आउने रु.७८,३९,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>• प्रतिवादी सेभेन हिल्स प्रा.लि.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम जम्मा बिगो रु.३,१३,५६,०००/- लाई दामासाही गरी हुन आउने रु.७८,३९,०००/- जरिबाना गरी सोही बमोजिमको बिगो असुल उपर हुने ठहर गरी फैसला भएको।<br>• प्रतिवादी सेभेन हिल्स प्रा.लि.का संचालक अनिल शाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को कसूरमा मतियार तर्फ सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह १(एक) वर्ष कैद सजाय हुने र बिगोको हकमा जम्मा बिगो रु.३,१३,५६,०००/- लाई दामासाही गरी हुन आउने रु.७८,३९,०००/- जरिबाना गरी सोही बमोजिमको | | आपुर्तिकर्तालै सम्झौता बमोजिमको सामग्रीहरु आपुर्ति नगरे तापनि प्रयोगशालाका निर्देशक डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले स्पेसिफिकेशन बमोजिम सम्झौता अनुसारको सम्पूर्ण सामग्रीहरु आपुर्ति भएको भनी Post Delivery Inspection प्रतिवेदन पेस गरेको र सोही प्रतिवेदनका आधारमा उमेश चौधरी, अमर दिप महतो, कर्मशिल प्रसाद गोप, गुणानन्द प्रसाद साह र डा. श्रवण कुमार मिश्र आफै आमन्त्रित सदस्य रहेको बोलपत्र मूल्याङ्कन समितिले अगाडि प्रक्रियाका लागि सिफारिस गरी रु.६,०५,११,५००।- (अक्षेरुपी छ करोड पाँच लाख एघार हजार पाँच सय मात्र) भुक्तानी भएबाट भ्रष्टाजन्य कसूर गरेको तथ्य स्थापित हुदाँ हुँदै सो तथ्य एवं प्रमाणहरुको न्यायिक विवेचना नगरी घटी बिगो रु.३,१३,५६,०००/- अक्षेरेपि तीन करोड तेह्र लाख छपन्न हाजार मात्र) कायम गरी प्रतिवादीहरु श्रवणकुमार मिश्र, उमेश चौधरी, सेभेन हिल्स प्रा.लि. र उक्त सेभेन हिल्स प्रा.लि.का संचालक अनिल साहलाई आरोप दावी भन्दा कम सजाय हुने ठहर गरि अन्य प्रतिवादीहरु गुणानन्दप्रसाद साह, अमरदीप महतो, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र रामउदगार यादवलाई आरोप दावीबाट सफाई हुने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा सो हदसम्मको फैसला बदर भागी छ।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ८ को उपदफा (१) को देहाय (घ१) मा प्रतिस्पर्धालाई जानी जानी प्रभाव शून्य वा सीमित वा कमजोर बनाउने उद्देश्यले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून प्रतिकूल हुने गरी शर्त तथा मापदण्ड निर्धरण गर्ने, गराउने वा खरिद कार्यलाई टुक्र्याउन लगाउने वा प्याकेजिङ्ग गर्ने गराउने, सोही दफा ८ को उपदफा (१) को देहाय (घ४) मा खरिद योजना स्वीकृत नगरी मेशिन, यन्त्र, उपकरण खरिद गर्ने, सोही दफा ८ को उपदफा (१) को देहाय (घ९) मा सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानून तथा खरिद सम्झौतामा उल्लिखित शर्त, मापदण्ड र व्यवस्थाको प्रतिकूल हुने कार्य गर्ने गराउनेसमेतको कार्यलाई भ्रष्टाचारजन्य कसुरका रूपमा परिभाषित गरेको देखिन्छ।यसरी, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुधामले मधेश प्रदेशको ७२ (बहत्तर) वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र स्थापना गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-२ नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने र नियम ३क. मा खरिद आवश्यकताको पहिचान गर्नु पर्ने भनिएकोमा कुन कुन स्थानीय तहमा के-कति जनसंख्या रहेको, उक्त स्थानीय तहको जनसंख्या र बिरामीको चापको विश्लेषण नै नगरी कुनकुन स्थानीय तहको लागि कुन क्षमताको उपकरण आवश्यक पर्ने हो पहिचान नगरी खरिद कार्य गरेको, ७२ (बहत्तर) वटा पालिकाहरुको लागि उपकरण खरिद गरिएकोमा ती ७२ (बहत्तर) वटा पालिकाहरु कुन कुन हुन भन्ने खुलेको नदेखिएको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरिएको देखिएको, एउटा शिर्षकलाई आएको बजेट बिना आधार कारण खरिद कार्य टुक्राएर भागबण्डा मिलाएको, सम्झौताका शर्त विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका र स्पेसिफिकेशन भन्दा फरक र कम गुणस्तर तथा मूल्यका मालसामान खरिद गरेको देखिन्छ। मधेश प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका निर्देशक डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले उक्त खरिद कार्यमा आपुर्तिकर्ता सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौंसँग मिलेमतो गरी बदनियतपूर्वक स्वीकृत स्पेसिफिकेशन र बोलपत्रमा कबोल भए विपरीत कम फिचर भएका कम मूल्यका मालसामानहरु स्पेसिफिकेशन बमोजिम नै रहेको भनी Post Delivery Inspection (PDI) प्रतिवेदन समेत तयार गरी गलत प्रतिवेदन पेश गरेको, मूल्याङ्कन समितिका अध्यक्ष वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, सदस्यहरु अमरदीप महतो (अधिकृत छैटौं), कर्मशील प्रसाद गोप (ल्याब अधिकृत) र सदस्य सचिव गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.) तथा आमन्त्रित श्रवण कुमार मिश्र (निर्देशक) ले Post Delivery Inspection प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग भए बमोजिम देखिएको भनी भुक्तानीको लागि सिफारिस गरेको, खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मनमोहन प्रसाद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिगो असुल उपर हुने ठहर गरी फैसला भएको देखिन्छ।<br>• अन्य प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशीलप्रसाद गोप, मनमोहन मिश्र र रामउद्‌गार यादवले आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ।<br>• उल्लिखित ठहर भएको विगो रु.३,१३,५६,०००/- अनुसारको स्पेशिफिकेशन भन्दा फरक ठहर भएका उपकरण तथा सामानहरु प्रतिवादी सेभेन हिल्स प्रा.लि.ले फिर्ता पाउने ठहर गरी सो बाहेकका अन्य आरोपदाबी पुग्न नसक्ने ठहर भई फैसला भएको देखिन्छ। | | मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पूर्व तयारी बिना खरिद कार्य गरेको तथा विना आधार र कारण खरिद कार्यलाई टुक्राएको र निर्देशक डा. श्रवण कुमार मिश्रले सम्झौताको शर्त विपरीत कम गुणस्तरको मालसामान स्वीकार गरी सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौंलाई कूल रकम रु.६,०५,११,५००।- (अक्षरेपि छ करोड पाँच लाख एघार हजार पाँच सय रुपैयाँ मात्र) सरकारी रकम भुक्तानी लिए दिएको तथ्य स्थापित भएको देखिँदा देखिँदै केही प्रतिवादीहरुलाई कम बिगो कायम गरी सजाय गर्ने र केही प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खटिएका प्राविधिक विज्ञ बायोमेडिकल इन्जिनियर ताचल निरौलाले अनुसन्धानको क्रममा पेश गर्नु भएको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदन एवं निजले अदालत समक्ष गरेको बकपत्र समेतवाट प्रयोगशालामा उपलब्ध रेफ्रिजरेटरमा -१५ डिग्रि तापक्रम पुगेको नदेखिएको, उपलब्ध रेफ्रिजरेटरको डाटासेटहरुबाट तापक्रम -१५ डिग्रि नपुग्ने देखिएको, Date Expire Reagent तिनको प्रयोग भएको नदेखिएको समेतका तथ्य खुल्ने व्यहोरा उल्लेख गरेको देखिँदा देखिँदै प्राविधिक प्रतिवेदन एवं अदालत समक्ष गरेको बकपत्रलाई प्रमाण ऐन २०३१को दफा १८ बमोजिम स्वीकार योग्य प्रमाणको रुपमा ग्रहण गरी फैसला गर्नु पर्नेमा उपरोक्त तथ्य एवं प्रमाण कागजातवाट यी प्रतिवादीहरुले सामूहिक रुपमा निर्णय गरेको कार्यमा सो समूमा संलग्न सबै प्रतिवादीहरुलाई समान सजाय गर्ने फौजदारी कानूनको सिद्धान्त (मुलुकी अपराध संहिता २०७४ को दफा ३१) विपरित प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उद्‌गार यादवलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर भागी छ।<br>• प्रस्तुत मुद्दामा नोक्सानी भएको विगोका हकमा हेर्दा प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुधामले मधेश प्रदेशको ७२ वटा पालिकाहरुमा प्रदेश निदान केन्द्र स्थापना तथा संचालन गर्न खरिद प्रकिया गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-२ नियम ३ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने र नियम ३क. मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने भनिएकोमा कुन कुन स्थानीय तहमा के-कति जनसंख्या रहेको, उक्त स्थानीय तहको जनसंख्या र बिरामीको चापको विश्लेषण नै नगरी कुनकुन स्थानीय तहको लागि कुन क्षमताको उपकरण आवश्यक पर्ने हो पहिचान नगरी खरिद कार्य गरेको, ७२ वटा पालिकाहरुको लागि उपकरण खरिद गरिएकोमा ती ७२ वटा पालिकाहरु कुन कुन हुन भन्ने खुलेको नदेखिएको, खरिद प्रयोजनार्थ बजेट माग गर्नुपूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लाभ-लागत विश्लेषण, उपयुक्त खरिद विधि समेतको अध्ययन विश्लेषण नगरी बजेट माग गरिएको देखिएको, एउटा कार्यक्रमलाई आएको बजेट बिना आधार कारण खरिद कार्य टुक्राएर भागबण्डा मिलाएको, सम्झौताका शर्त विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका र स्पेसिफिकेशन भन्दा फरक र कम गुणस्तर तथा मूल्यका मालसामान खरिद गरेको देखिन्छ। मधेश प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका निर्देशक डा. श्रवण कुमार मिश्र र वरिष्ठ ल्याव अधिकृत उमेश चौधरीले उक्त खरिद कार्यमा आपूर्तिकर्ता सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौंसँग मिलेमतो गरी बदनियतपूर्वक स्वीकृत स्पेसिफिकेशन र बोलपत्रमा कबोल भए विपरीत कम फिचर भएका र कम मूल्यका मालसामानहरु स्पेसिफिकेशन बमोजिम नै रहेको भनी Post Delivery Inspection (PDI) प्रतिवेदन समेत तयार गरी गलत प्रतिवेदन पेश गरेको, मूल्याङ्कन समितिका अध्यक्ष वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, सदस्यहरु अमरदीप महतो (अधिकृत छैटौं), कर्मशील प्रसाद गोप (ल्याब अधिकृत) र सदस्य सचिव गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.) तथा आमन्त्रित श्रवण कुमार मिश्र (निर्देशक) ले Post Delivery Inspection (PDI) प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग भए बमोजिम देखिएको भनी भुक्तानीको लागि सिफारिस गरेको, खरिद इकाईका अध्यक्ष गुणानन्द प्रसाद साह (ब.ल्या.टे.नि.), सदस्यहरु मनमोहन प्रसाद मिश्र (मे.ल्या.टे., अधिकृत सातौं) र राम उदगार यादव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | (ल्या.टे.नि., अधिकृत छैठौं) ले गुरुयोजना र पूर्व तयारी बिना खरिद कार्य गरेको तथा निर्देशक डा. श्रवण कुमार मिश्रले सम्झौताको शर्त विपरीत कम गुणस्तरको मालसामान स्वीकार गरी गराई सेभेन हिल्स प्रा.लि., काठमाडौंलाई मिति २०७९।०९।२९ को गो.भौ.नं. १७ मार्फत् मु.अ.कर सहितको रकम जम्मा रु.६,०५,११,५००।- (अक्षेरुपी छ करोड पाँच लाख एघार हजार पाँच सय मात्र) भुक्तानी भएको देखिँदा सोही बिगोको आधारमा सजाय गर्नु पर्नेमा विशेष अदालतवाट प्रतिवादी डा. श्रवणकुमार मिश्र, उमेश चौधरी र अनिल साहलाई बिगो रु.३,१३,५६,०००/- काय गरी उक्त बिगोलाई दामासाही गरी हुन आउने रु.७८,३९,०००/- जरिबाना गरी सोही बमोजिम बिगो असुल उपर हुने ठहर गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपुर्ण देखिँदा बदर भागी छ।<br>• प्रस्तुत मुद्दामा विशेष अदालतवाट सफाई हुने ठहर भएका प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उद्गार यादव समेतले प्रतिवादीहरु डा. श्रवण कुमार मिश्र लगायत अन्य प्रतिवादीहरुलाई मिलेमतो गरी गैरकानूनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले मिति २०७९।०२।२३ मा सूचना ठेक्का नं. PPHL2/G/NCB/05/2078-79, Procurement of Equipment, IT Infrastructure and Software and Furniture for Establishment of Pathology Lab in Municipality र मिति २०७९।०५।३० मा सूचना ठेक्का नं. Re-PPHL2/G/NCB/02/2079-80, Procurement of Equipment, IT Infrastructure and Software and Furniture For Establishment of Pathology Lab in Municipality आह्वान गरेको ठेक्का मार्फत कूल १३६ (एक सय छत्तीस) थान Colorimeter, Centrifuge, Pipette(Set of 5 pipette, 2 fixed and 3 variable), AC 1 Ton, Online UPS, Earthing, Table(Set of 2), Chair(Set of 6), Storage Rack, Refrigerator 200 liter, Computer and Printer तथा ती कम्प्युटरहरूका लागि आवश्यक Software (LIS) लगायतका सामाग्रीहरु खरिद गर्ने सम्झौता सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौँसँग भए पनि कम गुणस्तरका सामग्री आपूर्ति भएको देखिँदा देखिँदै सेभेन हिल्स प्रा.लि., सिनामंगल, काठमाडौं तथा उक्त कम्पनीको संचालक अनिल साहसमेत सँगको मिलोमतो तथा पूर्व नियोजित योजनामा अनुसन्धानबाट संकलित सबूद प्रमाणहरुबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतका प्रचलित कानूनको प्रतिकूल हुने गरी कार्य गरी गराई उक्त ठेक्का सोही कम्पनीलाई दिई सम्झौता गरी गराई सम्झौताका शर्त विपरीत स्वीकृत स्पेसिफिकेशनमा उल्लिखित भन्दा कम फिचर भएका र स्पेसिफिकेशन भन्दा फरक र कम गुणस्तर तथा कम मूल्यका मालसामान खरिद गरेको देखिएकोमा मालसामानहरु स्पेसिफिकेशन बमोजिम नै रहेको भनी बदनियतपूर्वक गैरकानूनी लाभ प्रासिका लागि Post Delivery Inspection (PDI) प्रतिवेदन समेत तयार गरी जानी जानी गलत प्रतिवेदन पेश गरी दिई दिन लगाई सोही वमोजिम रु.६,०५,११,५००।- (अक्षेरुपी छ करोड पाँच लाख एघार हजार पाँच सय मात्र) भुक्तानी भएको तथ्यलाई अनदेखा गरी सोही प्रतिवेदन अनुसार Verification गर्दा नमूनाहरु बोलपत्रमा माग भए बमोजिम देखिएको भनी प्रतिवेदन तयार गरी जानी जानी गलत प्रतिवेदन दिने कार्यको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उक्त प्रमाण ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **बद्री प्रसाद सुवेदी विरुद्ध नेपाल सरकार** भएको सरकारी जग्गा व्यक्तिको नाममा कायम गरि भ्रष्टाचार गरेको मुद्दा (०७९-CR-१९८०) मा *"सहायक कर्मचारीले कसूरमा इन्कार रही आफु भन्दा माथीको कर्मचारीले टिप्पणी उठाउन लगाए अनुसार टिप्पणी उठाएको भनेर आफ्नो पदीय उत्तरदायित्वबाट उन्मुक्ति हुन नपाउने, पेश भएका कागजात हेरी सोको विवेचना गरि आफनो राय सहितको टिप्पणी पेश गर्ने अनि बयानमामा अन्यथा जिकिर लिई ईन्कारी हुन नमिल्ने, आवश्यक कागजात हेरी जाँची टिप्पणी पेश गर्ने सिफारिस गर्ने ब्यक्ति वा पदाधिकारी निर्णय निर्माण प्रक्रिया बाहिर रहन्छ भन्न नमिल्ने, प्रशासकिय निर्णय टिप्पणीको माध्यमवाट पेश हुने, टिप्पणी पेश गर्ने, सिफारिस गर्ने र सदर गर्ने ब्यक्यिले आफ्नो पदीय निर्णयको जवाफदेही हुनु पर्ने,* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | *टिप्पणी उठाउने पेश गर्ने, सिफारिस गर्ने व्यक्तिको राय कै आधारमा अन्तिम निर्णय भई कार्यान्वयनमा आउने भएकोले पदीय दायित्व अनुसार कार्यमा जिम्मेवार हुनु पर्ने"* भनी प्रतिपादित सिद्धान्त अनुसार उक्त कसूरजन्य कार्यमा संलग्न प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित पदीय जिम्मेवारी र निजहरुले गरेको कसूरजन्य कार्यको आधारमा सजाय गर्नु पर्नेमा प्रतिवादीहरु अमरदीप महतो, गुणानन्द प्रसाद साह, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उद्गार यादवलाई आरोपित कसूरबाट सफाइ हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट भएको उक्त फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरु गुणानन्द प्रसाद साह, अमरदिप महतो, कर्मशील प्रसाद गोप, मनमोहन मिश्र र राम उदगार यादवलाई आरोप दावीबाट सफाई दिने र प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्र, सोही कार्यालयका तत्कालीन वरिष्ठ ल्याव अधिकृत (छैठौं तह) उमेश चौधरी, श्री सेभेन हिल्स प्रा.लि., काठमाडौंका सञ्चालक अनिल साह र सेभेन हिल्स प्रा.लि. लाई आरोप दावीभन्दा कम बिगो भराउने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय परी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |